आलिताल गाउँपालिका

स्थानीय राजपत्र

खण्ड : ०९ संख्या : ०२ मिति : २०८२/०३/१७

भाग - २

## आलिताल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

नेपालको संविधान बमोजिम आलिताल गाउँपालिकाको गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# आलिताल गाउँपालिकाको सामाजिक परिचालन कार्यविधि, २०८२

प्रस्तावनाः नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक हकहरूको प्रभावकारी कार्यान्वयन र स्थानीय सरकार सजालन ऐन, २०७४ को प्रावधानलाई मूर्तरूप दिनुपर्ने आवश्यकता अनुरूप आलिताल गाउँपालिकाले नागरिकमैत्री सेवा प्रवाह, उत्तरदायी शासन व्यवस्था र रूपान्तरणकारी सामाजिक परिचालनलाई प्राथमिकतामा राखेको छ।

यस गाउँपालिकाले समाजमा विद्यमान असमानता, विभेद, कुसंस्कार र बहिष्करणका अभ्यासहरूलाई न्यूनीकरण गर्दै, स्थानीय नागरिकहरूमा सामाजिक तथा आर्थिक सचेतना अभिवृद्धि गर्ने, अधिकार र दायित्वबारे जानकारी विस्तार गर्ने र विकास प्रक्रियामा नागरिकहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने नीति अवलम्वन गरेको छ।

नरेन्द्र सिंह ठगुन्ना
प्रमुख प्रशासकीय अधिकृत

सामाजिक परिचालन कार्यलाई टोलबस्ती, घरपरिवार तथा समुदायस्तरसम्म ~~तहसम्म~~ प्रभावकारीरूपमा पुरयाई, नागरिकलाई आत्मनिर्भर, आत्मविश्वासी र जिम्मेवार बनाउन आलिताल गाउँपालिकाले समावेशी विकास, सुशासन प्रवर्द्धन, पारदर्शिता, सामाजिक उत्तरदायित्व र समृद्धिउन्मुख गाउँपालिका निर्माण गर्ने उद्देश्यसहित स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम यो कार्यविधि बनाएको छ।

## परिच्छेद - १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "आलिताल गाउँपालिकाको सामाजिक परिचालन कार्यविधि, २०८२ रहेको छ।

(१) यो कार्यविधि आलिताल गाउँपालिकाको क्षेत्रभर लागू हुनेछ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ।

(ग) "गाउँपालिका" भन्नाले आलिताल गाउँपालिका सम्झनु पर्छ।

(घ) "सभा" भन्नाले आलिताल गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्छ।

(ङ) "कार्यपालिका" भन्नाले आलिताल गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ।

नरेन्द्र सिंह ठगुन्ना
प्रमुख प्रशासकीय अधिकृत

(च) "वडा कार्यालय" भन्नाले आलिताल गाउँपालिकाको वडा समितिको कार्यालयलाई सम्झनु पर्छ।

(छ) "अध्यक्ष" भन्नाले आलिताल गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ।

(ज) "उपाध्यक्ष" भन्नाले आलिताल गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ।

(झ) "वडा अध्यक्ष" भन्नाले आलिताल गाउँपालिका भित्रका सम्बन्धित वडाका वडा अध्यक्ष सम्झनु पर्छ।

(ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले आलिताल गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ट) "सामाजिक परिचालन" भन्नाले आम नागरिकहरूलाई समूहमा संगठित गरी आर्थिक, सामाजिक तथा सांस्कृतिक सशक्तिकरणका माध्यमबाट उनीहरूको व्यक्तिगत, पारिवारिक तथा सामाजिक जीवनमा सकारात्मक परिवर्तन ल्याउने प्रक्रिया सम्झनु पर्छ ।

(ठ) "सामाजिक परिचालक" भन्नाले सामाजिक परिचालनका कार्यक्रमहरू सञ्चालन गर्न गाउँपालिका आफै वा सेवा प्रदायक संस्था मार्फत् नियुक्त गरी परिचालन गरिएका व्यक्तिलाई सम्झनु पर्छ । सामाजिक परिचालन कार्यका लागि परिचालक नियुक्त गरी परिचालन गरिएका स्वयंसेवकलाई समेत सामाजिक परिचालक मानिनेछ ।

(ड) "सेवा प्रदायक" भन्नाले नागरिकहरूलाई सेवा पुर्याउन प्रचलित कानूनबमोजिम सञ्चालन भएका सरकारी, गैर सरकारी, निजी संस्था, कम्पनी, फर्म तथा व्यवसाय सम्झनु पर्छ।

(ढ) "स्थानीय सेवा प्रदायक" भन्नाले गाउँपालिकासँग सम्झौता गरी सामाजिक परिचालनसँग सम्बन्धित कार्य गर्ने संस्थालाई सम्झनु पर्छ।

(ण) "अनुदान" भन्नाले संघ तथा प्रदेश सरकार, सार्वजनिक निकाय, विकास साझेदार तथा अन्य निकायबाट नगद वा वस्तुगत रूपमा प्राप्त हुने निशर्त, सशर्त अनुदान तथा प्राविधिक सहयोगलाई समेत सम्झनु पर्छ।

(त) "सामाजिक परीक्षण" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ को उपदफा (५) को व्यवस्था बमोजिम गाउँपालिकाको योजना, नीति, कार्यक्रम र आयोजना कार्यान्वयन तथा सेवाप्रवाहले आर्थिक-सामाजिक क्षेत्रमा पारेका समग्र प्रभावको लेखाजोखा, विश्लेषण र मूल्याङ्कन कार्य सम्झनु पर्छ ।

(थ) "सार्वजनिक परीक्षण" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ को उपदफा (५) को व्यवस्था बमोजिम गाउँपालिकाको योजना, नीति, कार्यक्रम र आयोजनाको लक्ष्य, उद्देश्य, बजेट र यसबाट प्राप्त भएको उपलब्धिको बारेमा सरोकारवालाहरूबीच जानकारी गराउने, लेखाजोखा गर्ने र मूल्याङ्कन गर्ने कार्य सम्झनु पर्दछ।

(द) "सार्वजनिक सुनुवाइ" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ को उपदफा (५) को व्यवस्था बमोजिम गाउँपालिकाको सेवा प्रवाह र विकास व्यवस्थापन लगायत कार्यमा सरोकार राख्ने सर्वसाधारण नागरिक र गाउँपालिका पदाधिकारीहरूबीच सार्वजनिक थलोमा



नरेन्द्र सिंह ठगुन्ना
प्रमुख प्रशासकीय अधिकृत

खुला छलफल गर्ने प्रक्रिया सम्झनु पर्छ। यस शब्दले गाउँपालिकासँग भएको सम्झौता तथा साझेदारीअनुसार गाउँपालिकाको भौगोलिक क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने विकास साझेदार तथा सरकारी संस्थाले आफ्नो कार्य जिम्मेवारीको सन्दर्भमा गर्ने सुनुवाइलाई समेत जनाउँदछ।

(ध) "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण" भन्नाले महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता, आदिबासी/जनजाति, मधेशी, दलित आदि राज्यले सीमान्तकृत तथा सामाजिक वहिष्करणमा परेका वर्ग, समुदाय तथा जनसंख्या भनी परिभाषित गरेका समुदाय, सामाजिक समूहहरू बीचको असमान शक्ति सम्बन्धलाई पुनःसन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरूका लागि समान अधिकार, अवसर एवम् सम्मानजनक व्यवहार सुनिश्चितताका लागि चालिने आवश्यक कदम वा रणनीतिक प्रयासलाई सम्झनु पर्छ।

(न) "उपभोक्ता समिति" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरूको भेलाले कुनै आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मतसम्भार गर्नको लागि आफूहरूमध्येबाट प्रचलित कानुनबमोजिम गठन भएको समिति सम्झनु पर्छ।

(प) "गैर सरकारी संस्था" भन्नाले प्रचलित कानुनबमोजिम तोकिएको सरकारी कार्यालयमा दर्ता भई स्थानीय तहहरूसँग समन्वय राखी कार्य गर्ने गैरनाफामूलक संघसंस्था सम्झनु पर्छ।

(फ) "योजना" भन्नाले गाउँपालिका क्षेत्रको समग्र विकासका लागि तयार गरिएको आवधिक, वार्षिक योजना वा विषय/ क्षेत्रगतगत गुरुयोजना वा यस्तै प्रकारका अन्य विकास योजना सम्झनु पर्छ। यसले मध्यमकालीन खर्च संरचनालाई समेत जनाउनेछ।

(ब) "कार्यक्रम" भन्नाले कुनै योजना अन्तर्गतका विभिन्न कार्यक्षेत्र (जस्तैः कृषि, उद्योग, यातायात आदि) को योजनाबद्ध विकासका लागि निश्चित अवधि, निश्चित भौगोलिक क्षेत्र तोकी तयार गरिएको विकास कार्यक्रमलाई सम्झनु पर्दछ।

(भ) "आयोजना/परियोजना" भन्नाले विकास कार्यक्रम अन्तर्गत कुनै भौगोलिक क्षेत्र वा कार्यक्षेत्रमा निश्चित अवधि, लक्षित वर्ग तथा लगानी रकम तोकी पूर्वनिर्धारित उद्देश्य प्राप्तिका लागि गरिने क्रियाकलापहरूको समग्र रूपलाई सम्झनु पर्छ।

(म) "विकास साझेदार" भन्नाले नेपाल सरकारसँग भएको सम्झौता बमोजिम नगद, वस्तुगत एवम् प्राविधिक सहयोग उपलब्ध गराउने द्विपक्षीय, बहुपक्षीय दाता तथा संयुक्त राष्ट्रसङ्घीय निकायहरू एवम् अन्तराष्ट्रिय गैरसरकारी संस्था समेत सम्झनु पर्छ।

(य) "मूलप्रवाहीकरण" भन्नाले लक्षित समूहको समानता तथा अधिकार संरक्षण गर्न उनीहरूको समान र अर्थपूर्ण सहभागिता सुनिश्चित गरिने रणनीतिक प्रयास सम्झनु पर्दछ। साथै, गाउँपालिकाको उद्देश्य, क्रियाकलाप, संगठन र स्रोत विनियोजन (आर्थिक र मानवीय) मा लैङ्गिक समानता एवम् सामाजिक, आर्थिक र भौगोलिक रूपले पिछडिएका वर्ग, समुदाय र क्षेत्रलाई समायोजन गर्ने कार्य समेत सम्झनु पर्छ।



नरेन्द्र सिंह ठगुन्ना
प्रमुख प्रशासकीय अधिकृत

(र) "लक्षित समूह" भन्नाले सबै जातजातिका विपन्न परिवार तथा आर्थिक एवम् सामाजिक रूपमा पछाडि परेका वर्गहरू महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, बालबालिका, जेष्ठ नागरिक, दलित, आदिबासी/जनजाति, अपाङ्गता भएका व्यक्ति, मधेसी, मुस्लिम तथा पिछडावर्ग एवम् दुर्गम तथा पिछडिएको क्षेत्रका साथै नेपाल सरकारले सूचना प्रकाशन गरी लक्षित समूह भनी तोकेका वर्ग एवम् समुदायलाई सम्झनु पर्छ।

(ल) "कार्यालय" भन्नाले आलिताल गाउँपालिकाको कार्यालय सम्झनु पर्छ। यसले गाउँपालिकाको वडा कार्यालयहरूलाई समेत जनाउनेछ।

(व) "तोकिएको वा तोकिएबमोजिम" भन्नाले आलिताल गाउँपालिकाको स्थानीय प्रशासकीय कार्यविधि (नियमित गर्ने) बनेको ऐन २०७४ को दफा ४ बमोजिम आवश्यकतानुसार नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने वा निर्णय गरी तोक्न सक्ने अधिकारलाई सम्झनु पर्छ।

## परिच्छेद - २
## सामाजिक परिचालन कार्यान्वयन सम्बन्धी व्यवस्था

**३. सामाजिक परिचालनको उद्देश्यः** (१) गाउँपालिकाले सामाजिक परिचालन सञ्चालन गर्नुको प्रमुख उद्देश्यहरू देहाय बमोजिम रहेका छन्:

(क) गाउँपालिकाको भौगोलिक क्षेत्रभित्रका सम्पूर्ण नागरिकका मौलिक हकहरूको सम्मान, संरक्षण र सुनिश्चितता गर्दै संविधानको मर्मलाई व्यवहारमा उतार्नु।

(ख) समाजमा विद्यमान कुरीति, अन्धविश्वास, विभेदपूर्ण व्यवहार र हानिकारक अभ्यासहरूको अन्त्य गरी सकारात्मक सामाजिक रूपान्तरणलाई प्रवर्द्धन गर्नु।

(ग) नागरिकहरूको सामाजिक तथा आर्थिक सशक्तिकरणमार्फत विकास प्रक्रियामा उनीहरूको अर्थपूर्ण, सक्रिय र समान सहभागिता सुनिश्चित गर्नु।

(घ) स्थानीय सन्दर्भलाई ध्यानमा राखी स्थानीयकरण गरिएका दिगो विकासका लक्ष्यहरू (SDGs) प्राप्त गर्न उत्प्रेरित वातावरण निर्माण गर्नु।

(ङ) लैङ्गिक समानता, सामाजिक समावेशीकरण र समतामूलक अभ्यासलाई शासन प्रणाली, नीति तथा कार्यक्रमहरूमा मूलप्रवाहीकरण गर्नु।

(च) योजना निर्माणदेखि कार्यान्वयनसम्मका स्थानीय शासन प्रक्रियामा नागरिकको प्रत्यक्ष, पारदर्शी र उत्तरदायी सहभागिता सुनिश्चित गर्नु।

(छ) संघीय लोकतान्त्रिक शासन व्यवस्थाको मर्मअनुरूप जनउत्तरदायी शासन, नागरिकमैत्री सेवाप्रवाह र दिगो विकासका पद्धतिहरूलाई संस्थागत गर्नु।



नरेन्द्र सिंह धुन्ना
प्रमुख प्रशासकीय अधिकृत

(ज) गाउँपालिकाको दीर्घकालीन सोच, ध्येय र रणनीतिक दिशाअनुरूप अपेक्षित नतिजा हासिलका लागि अनुकूल नीतिगत, संस्थागत र सामाजिक वातावरण तयार गर्नु।

(झ) राष्ट्रिय तथा प्रादेशिक विकासका लक्ष्य, नीति र प्राथमिकताहरूसँग सुसंगत भई स्थानीय तहबाट योगदान सुनिश्चित गर्नु।

(ञ) गाउँपालिकाले निर्माण गर्ने नीति, रणनीति, योजना तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा सहयोग, सहजीकरण र सामाजिक स्वामित्व विकास गर्नु।

**४. सामाजिक परिचालन कार्यक्रम कार्यान्वयन गर्न सक्नेः** (१) दफा ३ मा उल्लिखित उद्देश्यहरू हासिल गर्न गाउँपालिकाले आफ्नो भौगोलिक क्षेत्रभित्र सामाजिक परिचालनका कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(२) गाउँपालिकाले सामाजिक परिचालन कार्यक्रम निरन्तर वा आयोजना वा परियोजनागत रूपमा सञ्चालन गर्न सक्नेछ ।

**५. सामाजिक परिचालनका रणनीतिक क्षेत्रहरूः** (१) गाउँपालिकाले देहायका क्षेत्रहरूमा विकास र परिवर्तन ल्याउने सूचकहरू तयार गरी सामाजिक परिचालन कार्यक्रम सञ्चालन गर्न सक्नेछः

(क) स्थानीय शासन सञ्चालन तथा स्थानीय विकासमा नागरिक सहभागिता र अपनत्व अभिबृद्धि,

(ख) स्थानीय दिगो विकास र आर्थिक समृद्धिका लागि सामाजिक जागरण तथा नागरिक अभियान,

(ग) नागरिक दायित्व अभिबृद्धि तथा सुशासन प्रवर्धनका लागि सामाजिक जागरण तथा नागरिक अभियान,

(घ) नागरिकहरूका लागि कानुनी तथा नागरिक शिक्षा,

(ङ) सार्वजनिक सूचनामा नागरिकहरूको पहुँच अभिबृद्धि,

(च) सामाजिक कुरीति तथा हानीकारक अभ्यास बिरुद्ध सचेतना र सामूहिक अभियान,

(छ) नागरिकहरूको स्वास्थ्य, सरसफाइ तथा शिक्षा सम्बन्धी सचेतना अभिबृद्धि अभियान,

(ज) नागरिकहरूको जीविकोपार्जन सुधार तथा व्यावसाय विकास अभियान,

(झ) टोल विकास संस्था/टोल सुधार समिति गठन र परिचालन,

(ञ) संघ, प्रदेश र गाउँपालिकाबाट प्रवाह हुने सेवाहरूमा नागरिकको पहुँच बृद्धि,

(ट) टोल-बस्तीस्तरीय तथ्याङ्क व्यवस्थापन र अद्यावधिक,

(ठ) वित्तीय साक्षरता तथा करदाता शिक्षा सञ्चालन,

(ड) सामाजिक सद्भाव, शान्ति, मेलमिलाप तथा सामाजिक न्याय प्रवर्धन,

(ढ) वातावरण संरक्षण, जलवायु परिवर्तन, विपद् जोखिम व्यवस्थापन सम्बन्धी नागरिकको भूमिका अभिबृद्धि,

(ण) सार्वजनिक सेवाको समान वितरण,

(त) गाउँपालिकाको स्थानीय कानून, विभिन्न किसिमको योजना, रणनीति आदिको कार्यान्वयनमा सहयोग,



नरेन्द्र सिंह ठगुन्ना
प्रमुख प्रशासकीय अधिकृत

आलिताल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भिमदत्तपुर, डडेल्धुरा सुदूरपश्चिम प्रदेश, नेपाल २०७४

(थ) अन्य सान्दर्भिक विषयहरू।

(२) उपदफा (१) बमोजिमका क्षेत्र तथा प्राथमिकतामा परेका अन्य क्षेत्रहरू तोकी सामाजिक परिचालनका गतिविधिहरू सञ्चालन गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको क्षेत्रहरूका अलवा गाउँपालिकाले आवश्यक ठानेका नागरिकका सामाजिक विकास तथा आर्थिक समृद्धिका लागि तत्कालीन आवश्यकता र दीर्घकालीन लाभ पुग्ने अन्य विषयहरूमा सामाजिक परिचालनका गतिविधिहरू सञ्चालन गर्न सक्नेछ।

**६. सामाजिक परिचालनका भौगोलिक क्षेत्र तोक्ने:** (१) गाउँपालिकाले दफा ५ को उपदफा १ मा उल्लिखित सबै क्षेत्रहरू वा प्राथमिकतामा परेका क्षेत्रहरूका लागि सामाजिक परिचालन कार्यक्रम गर्न आवश्यक भौगोलिक क्षेत्रको पहिचान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको भौगोलिक क्षेत्र पहिचान गर्दा प्राथमिकताका सूचकहरू निर्धारण गरी सोको आधारमा भौगोलिक क्षेत्र छनौट गर्नु पर्नेछ।

(३) गाउँपालिकाले सबै वडा तथा टोल बस्तीहरू समेट्ने गरी सामाजिक परिचालन कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

**७. सामाजिक परिचालन सम्बन्धी योजना तयार गर्ने:** (१) गाउँपालिकामा सामाजिक परिचालन कार्यक्रम सञ्चालन गर्न वार्षिक, त्रिवर्षीय वा पञ्चवर्षीय सामाजिक परिचालन योजना तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सामाजिक परिचालन योंजना तर्जुमा गर्दा खोज-अनुसन्धान, विद्यमान अवस्थाको लेखाजोखा तथा विश्लेषणमा आधारित भई तयार गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको सामाजिक परिचालन योजना तयार नभैसकेको अवस्थामा समेत गाउँ कार्यपालिकाले निर्णय गरी सामाजिक परिचालन कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

## परिच्छेद - ३
## सामाजिक परिचालनका लागि संस्थागत व्यवस्था

**८. सामाजिक परिचालन निर्देशक समिति गठन:** (१) गाउँपालिकामा सामाजिक परिचालन कार्यक्रम सञ्चालनका लागि नीतिगत व्यवस्था, कार्यक्रम तथा बजेट तर्जुमा र आवश्यक निर्देशन दिने प्रयोजनका लागि एक गाउँ सामाजिक परिचालन निर्देशक समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको गाउँ सामाजिक परिचालन निर्देशक समितिको गठन देहाय वमोजिम हुनेछः

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | -अध्यक्ष |
| (ख) गाउँपालिका उपाध्यक्ष | - सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी | - सदस्य |
| (घ) वडा अध्यक्षहरू | - सदस्य |



नरेन्द्र सिंह ठगुन्ना
प्रमुख प्रशासकीय अधिकृत

(ङ) स्थानीय सामाजिक/गैससहरूको प्रतिनिधि १ जना - सदस्य

(च) स्थानीय युवा सञ्जाल/क्लबका प्रतिनिधि १ जना - सदस्य

(छ) महिला, आदिबासी/जनजाति, अपाङ्गता, दलित, अल्पसंख्यक प्रतिनिधि ४ जना - सदस्य

(ज) सामाजिक विकास शाखा प्रमुख -सदस्य सचिव

(३) उपदफा (२) को (ङ), (च) र (छ) बमोजिमका सदस्यहरू गाउँ कार्यपालिकाले मनोनयन गर्नु पर्नेछ । यसरी मनोनयन गर्दा लैङ्गिक समावेशीतामा ध्यान दिनु पर्नेछ।

**९. गाउँ सामाजिक परिचालन निर्देशक समितिको बैठकः** (१) गाउँ सामाजिक परिचालन निर्देशक समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) समितिको बैठक वर्षमा कम्तीमा २ पटक बस्नेछ।

(३) समितिको बैठकमा गाउँ सामाजिक परिचालन कार्यान्यवन समितिले समग्र प्रंगति तथा आगामी कार्यक्रमहरू प्रस्तुत गर्नु पर्नेछ।

(४) समितिको बैठक सम्बन्धी कार्यविधि तथा अन्य व्यवस्था कार्यपालिकाले तोकेबमोजिम हुनेछ।

(५) समितिको निर्णय कार्यपालिका समक्ष पेस गरी अनुमोदन गराउनु पर्नेछ।

(६) समितिको निर्णय समितिको अध्यक्षबाट प्रमाणीकरण हुनेछ।

(७) समितिले सामाजिक परिचालन सम्बन्धी योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयनको क्रममा सम्बन्धित विषयको विज्ञ तथा गाउँपालिकाको विषय सम्बद्ध कर्मचारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

**१०. निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** (१) गाउँ सामाजिक परिचालन निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) गाउँपालिकामा सामाजिक परिचालनका रणनीतिक क्षेत्रहरूको पहिचान तथा प्राथमिकीकरण गर्ने,

(ख) सामाजिक परिचालन सम्बन्धी योजना तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने,

(ग) सामाजिक परिचालनका लागि आवश्यक रणनीतिक तथा वार्षिक योजना सम्बन्धी छलफल तथा निर्णय गर्ने,

(घ) गाउँका लागि आवश्यक सामाजिक परिचालक, सामाजिक परिचालन सम्बन्धी कार्यक्रम तथा बजेट सम्बन्धी निर्णय गरी कार्यपालिकामा पेश गर्ने,

(ङ) सामाजिक परिचालनका कार्यक्रम सञ्चालनको उपयुक्त विधि तथा प्रक्रियाहरू तय गरी कार्यपालिकामा पेश गर्ने,

(च) गाउँ कार्यपालिकामा निर्णय भएका सामाजिक परिचालन सम्बन्धी कार्यहरू कार्यान्वयनका लागि निर्देशन गर्ने,



नरेन्द्र सिंह ठगुन्ना
प्रमुख प्रशासकीय अधिकृत

(छ) सामाजिक परिचालन सम्बन्धी कार्यक्रम तथा गतिविधिहरूको प्रगति समीक्षा, अनुगमन तथा सुपरीवेक्षण गर्ने गराउने,

(ज) सामाजिक परिचालन कार्यान्वयन समितिको कामकारवाहीको नियमन तथा उक्त समितिको प्रभावकारी कार्यसम्पादनका लागि आवश्यक निर्णय तथा निर्देशन गर्ने,

(झ) सामाजिक परिचालन कार्यान्वयन समितिलाई आवश्यक सल्लाह सुझाव दिने,

(ञ) गाउँ कार्यपालिकाले तोकेका सामाजिक परिचालन सम्बन्धी अन्य कार्यहरू गर्ने ।

**११. सामाजिक परिचालन कार्यान्वयन समिति गठनः** (१) गाउँपालिकामा सामाजिक परिचालन कार्यक्रम सञ्चालन गर्नका लागि एक गाउँ सामाजिक परिचालन कार्यान्वयन समिति गठन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको गाउँ सामाजिक परिचालन कार्यान्वयन तथा अनुगमन समितिको गठन देहाय बमोजिम हुनेछः

(क) गाउँपालिका सामाजिक विकास समिति संयोजक - संयोजक

(ख) वडा अध्यक्षहरू - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृतस्तर कर्मचारी - सदस्य

(घ) सेवा प्रदायक संस्थाका प्रतिनिधि १ महिला सहित २ जना - सदस्य

(ङ) सामाजिक विकास शाखा प्रमुख वा निजले तोकेको कर्मचारी - सदस्य सचिव

**१२. गाउँ सामाजिक परिचालन कार्यान्वयन समितिको बैठकः** (१) गाउँ सामाजिक परिचालन कार्यान्वयन समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) समितिको बैठक कम्तिमा प्रत्येक ३ महिनामा एक पटक बस्नेछ।

(३) समितिको बैठकमा वडा अध्यक्षबाट वडास्तरीय प्रगति तथा आगामी कार्यक्रमहरू प्रस्तुत भई छलफल गर्नु पर्नेछ।

(४) समितिको बैठक सम्बन्धी कार्यविधि गाउँ कार्यपालिकाले तोकेबमोजिम हुनेछ।

(५) समितिको निर्णय कार्यपालिका समक्ष पेस गरी छलफल गराई आवश्यक निर्णय गर्नु पर्नेछ।

**१३. कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकारः** (१) गाउँ सामाजिक कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) गाउँ कार्यपालिका तथा गाउँ सामाजिक परिचालन निर्देशक समितिको निर्णय तथा निर्देशनको कार्यान्वयन गर्ने,

(ख) सामाजिक परिचालन सम्बन्धी योजना, रणनीतिक, वार्षिक योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने,

(ग) गाउँका लागि आवश्यक सामाजिक परिचालक र सामाजिक परिचालन कार्यक्रम सम्बन्धमा निर्णय गरी कार्यपालिकामा पेस गर्ने,



नरेन्द्र सिंह ठगुन्ना
प्रमुख प्रशासकीय अधिकृत

मालिकार्जुन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमलतालपुर, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

(घ) सामाजिक परिचालकहरूको परिचालन तथा सुपरीवेक्षण सम्बन्धी कार्य गर्ने,

(ङ) सामाजिक परिचालन सेवाप्रदायक संस्थाको परिचालन तथा सुपरीवेक्षण सम्बन्धी कार्य गर्ने,

(च) सामाजिक परिचालन सम्बन्धी कार्यक्रम एवम् गतिविधिहरूको वार्षिक तथा चौमासिक लक्ष्य सहितको कार्ययोजना बनाई कार्यान्वयन गर्ने गराउने,

(छ) सामाजिक परिचालन सम्बन्धी कार्यक्रम एवम् गतिविधिहरूको चौमासिक, वार्षिक र आवश्यकता अनुसार समय-समयमा प्रगति समीक्षा गर्ने,

(ज) सामाजिक परिचालन सम्बन्धी समग्र प्रगति, सिकाइ, आगामी कार्यदिशा, चुनौती तथा सवालहरू पहिचान गरी गाउँ सामाजिक परिचालन निर्देशक समितिको बैठकमा प्रस्तुत गर्ने,

(झ) गाउँ सामाजिक परिचालन निर्देशक समितिको बैठकबाट प्राप्त पृष्ठपोषण, सल्लाह-सुझाव र निर्देशनको कार्यान्वयन गर्ने,

(ञ) गाउँपालिकाका अन्य विषयगत समिति तथा शाखा, वडा समिति र सरोकारवालाहरूसँग समन्वय गरी सामाजिक परिचालन सम्बन्धी गतिविधिहरूलाई व्यवस्थित र नतिजामुखी बनाउने,

(ट) आवश्यकतानुसार वडा सामाजिक परिचालन समिति तथा सामाजिक परिचालन इकाईलाई परिचालन गरी सामाजिक परिचालन कार्यलाई प्रभावकारी बनाउने,

(ठ) सामाजिक परिचालनलाई थप प्रभावकारी बनाउने सम्बन्धमा गाउँ सामाजिक परिचालन समितिसमक्ष व्यवहारिक सुझावहरू पेश गर्ने,

(ड) सामाजक परिचालन सम्बन्धी तोकिएको अन्य कार्यहरू गर्ने।

**१४. वडा सामाजिक परिचालन समितिको व्यवस्थाः** (१) वड्डा तहमा हुने सामाजिक परिचालन कार्यक्रम तथा गतिविधिलाई प्रभावकारी बनाउन प्रत्येक वडामा वडा सामाजिक परिचालन समिति गठन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको वडा सामाज़िक परिचालन समितिको गठन देहाय बमोजिम हुनेछः

| | |
|---|---|
| (क) वडा अध्यक्ष | - संयोजक |
| (ख) वडा सदस्यहरू | - सदस्य |
| (ग) वडा भित्रका टोल विकास संस्थाका अध्यक्षहरू | - सदस्य |
| (घ) वडा सचिव | - सदस्य सचिव |

**१५. वडा सामाजिक परिचालन समितिको बैठक र निर्णयः** (१) वडा सामाजिक परिचालन समितिको बैठक समितिका संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) समितिको बैठक प्रत्येक महिनामा वस्नेछ।



नरेन्द्र सिंह ठगुन्ना
प्रमुख प्रशासकीय अधिकृत

(३) समितिको बैठकमा सामाजिक परिचालकबाट प्रगति तथा आगामी कार्यक्रमहरू प्रस्तुत गराई छलफल गर्नु पर्नेछ।

(४) समितिको बैठक सम्बन्धी कार्यविधि गाउँ कार्यपालिकाले तोकेबमोजिम हुनेछ।

(५) समितिको निर्णय वडा समिति र गाउँ सामाजिक परिचालन कार्यान्वयन समितिसमक्ष पेस गर्नु पर्नेछ।

**१६. वडा सामाजिक परिचालन समितिको काम, कर्तव्य र अधिकारः** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) वडाको भौगोलिक क्षेत्रमा सामाजिक परिचालनका रर्णनीतिक क्षेत्रहरूको पहिचान तथा प्राथमिकीकरण गर्ने,

(ख) वडास्तरमा सामाजिक परिचालनका लागि आवश्यक रणनीतिक तथा वार्षिक योजना सम्बन्धी छलफल तथा निर्णय गरी वडा समिति र गाउँ सामाजिक परिचालन कार्यान्वयन समितिमा पेस गर्ने,

(ग) वडास्तरमा सामाजिक परिचालनका कार्यक्रम पहिचान गरी वडा समिति र गाउँ सामाजिक परिचालन कार्यान्वयन समितिमा पठाउने,

(घ) आवधिक तथा वार्षिक योजनामा स्वीकृत भई आएका सामाजिक परिचालन सम्बन्धी कार्यक्रमहरू कार्यान्वयन गर्ने,

(ङ) वडाभित्र भएका सामाजिक परिचालन सम्बन्धी कार्यक्रम तथा गतिविधिहरूको प्रगति समीक्षा, अनुगमन तथा सुपरीवेक्षण गर्ने,

(च) सामाजिक परिचालकको कार्यसम्पादन अनुगमन तथा मूल्याङ्कन र म्याद थपको लागि सिफारिस गर्ने,

(छ) एकभन्दा बढी वडामा भएको सामाजिक परिचालनको सम्बन्धमा अन्तर वडास्तरीय समन्वय र छलफल गर्ने,

(ज) गाउँ सामाजिक परिचालन निर्देशक समिति, गाउँ सामाजिक परिचालन कार्यान्वयन समिति र वडा समितिले तोकेका सामाजिक परिचालन सम्बन्धी अन्य कार्यहरू गर्ने।

**१७. विशेषज्ञ कार्यदलः** (१) सामाजिक परिचालन कार्यक्रमका समग्र वा कुनै खास प्राविधिक पक्षको अध्ययन तथा विश्लेषण गरी सुझाव दिन गाउँ कार्यपालिकाले विशेषज्ञ सहितको कार्यदल गठन गर्न सक्नेछ।



नरेन्द्र सिंह ठगुन्ना
प्रमुख प्रशासकीय अधिकृत

(२) उपदफा (१) बमाजिमको कार्यदलका पदाधिकारी, सदस्य तथा विशेषज्ञको सुविधा कार्यसमितिले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद - ४
## सेवा प्रदायक परिचालन सम्बन्धी व्यवस्था

**१८. सेवा प्रदायक परिचालन गर्न सक्नेः** (१) गाउँपालिकामा सामाजिक परिचालन कार्यलाई प्रभावकारी कार्यान्वयनका लागि निश्चित अवधिका लागि परामर्श सेवा खरिद गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सामाजिक परिचालन सम्बन्धी परामर्श सेवा खरिद प्रचलित कानुन अनुसार हुनेछ ।

(३) उपदफा (१) बमोजिमको परामर्श सेवा खरिद गर्दा स्थानीय सेवा प्रदायक परामर्शदाताको योग्यता तथा जिम्मेवारी सम्बन्धी कार्यक्षेत्रगत शर्त गाउँ सामाजिक परिचालन कार्यान्वयन समितिको सिफारिसमा गाउँ कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

**१९. सेवा प्रदायकको योग्यताः** (१) गाउँपालिकामा सामाजिक परिचालन कार्यक्रम सञ्चालनका लागि सेवा प्रदायक छनौट गर्दा देहाय अनुसारका न्यूनतम् योग्यता भएको हुनुपर्नेछः

(क) प्रचलित कानुन बमोजिम दर्ता भएको गैर सरकारी संस्था, परामर्शदाता फर्म र सामाजिक परिचालन सम्बन्धी तालिम तथा प्रशिक्षण केन्द्र आदि,

(ख) गाउँपालिकाभित्र स्थानीय शासन तथा सामाजिक परिचालन क्षेत्रमा कम्तीमा ५ वर्षको कार्यानुभव भएको,

(ग) गत आर्थिक वर्षसम्मको लेखापरीक्षण भएको, गाउँपालिकामा दर्ता तथा नवीकरण भएको र आन्तरिक राजस्व कार्यालयबाट कर चुक्ता प्रमाणपत्र (सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार) भएको,

(घ) गाउँपालिकामा चालु आर्थिक वर्षका लागि मौजुदा सूचीमा दर्ता गराएको,

(ङ) गत तीन आर्थिक वर्षको औषत वार्षिक कारोबार अंक प्रचलित कानुन अनुसार पुगेको,

(च) सरकारी तथा अन्य संस्थासँगको साझेदारी र सहकार्य वा परामर्श सेवा तथा अन्य क्षेत्रमा कार्य गर्दा कालो सूचीमा नपरेको,

नरेन्द्र सिंह ठगुन्ना
प्रमुख प्रशासकीय अधिकृत

(छ) गाउँपालिकासँग सम्झौता वा साझेदारीमा पहिले काम गरेको भएमा सम्झौता अनुसारको कार्यसम्पादन गरेको र असुल उपर गर्नुपर्ने वा सार्वजनिक खरिद कानुन बमोजिम अयोग्य नभएको,

(ज) कार्यक्रम तथा परियोजनाका लागि आवश्यक पर्ने कार्यालय तथा भौतिक सामाग्रीहरू उपलब्ध भएको,

(२) गाउँपालिकाभित्र केन्द्रिय कार्यालय भएको वा शाखा कार्यालय स्थापना गरी क्रियाशील रहेको संस्थालाई प्राथमिकता दिइने ।

## परिच्छेद - ५
## सामाजिक परिचालन जनशक्ति सम्बन्धी व्यवस्था

**२०. सामाजिक परिचालनको लागि जनशक्तिको प्रबन्ध गर्न सक्नेः** (१) गाउँ सामाजिक परिचालन निर्देशक समितिको सिफारिसमा गाउँ कार्यपालिकाले एक जना सामाजिक परिचालन संयोजक र ८ जना सामाजिक परिचालकहरु करार सेवामा आवश्यक कानूनी विधिबाट नियुक्ती गरी परिचालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमका सामाजिक परिचालक संयोजक र सामाजिक परिचालक गाउँपालिका आफैंले वा स्थानीय सेवा प्रदायक परामर्शदातामार्फत परिचालन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम सामाजिक परिचालक संयोजक र सामाजिक परिचालक गाउँपालिका आफैले नियुक्ति गर्ने भए प्रचलित स्थानीय कानुनअनुसार करार वा स्वयंसेवकमा नियुक्त गर्न सक्नेछ।

(४) उपदफा (२) बमोजिम सामाजिक परिचालक संयोजक र सामाजिक परिचालकहरू स्थानीय सेवा प्रदायक मार्फत् नियुक्त गरी परिचालन गरिने भएमा परामर्श सेवा वा सेवा करारको रूपमा खरिद गर्न सकिनेछ।

तर यस विधिबाट सामाजिक परिचालक संयोजक र सामाजिक परिचालकहरू नियुक्त गर्दा भने छनौट प्रक्रियामा गाउँ सामाजिक परिचालन् कार्यान्वयन समितिको समेत अनिवार्य प्रतिनिधित्वं हुनु पर्नेछ।

(५) सामाजिक परिचालक संयोजक र सामाजिक परिचालकहरू छनौट तथा नियुक्ति गर्दा आवश्यक संख्यामा महिलाको सहभागिता सुनिश्चित गर्न सकिनेछ।

नरेन्द्र सिंह ठगुन्ना
प्रमुख प्रशासकीय अधिकृत

आलिताल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भिमदत्तपुर, डडेलधुरा
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

(६) सामाजिक परिचालक संयोजक र सामाजिक परिचालकहरू छनौट तथा नियुक्ति गर्दा सम्बन्धित वडाका महिला, विपन्न, दलित, अल्पसंख्यक, पिछाडिएको आदिबासी/जनजाति आदिलाई प्राथमिकता दिइनेछ र यस बापत उम्मेद्वारलाई निश्चित अंकभार दिने व्यवस्था गरिनेछ।

(७) गाउँपालिका तथा अन्तर्गका वडाहरुमा विगत देखि नै करार सेवामा कार्यरत रहेका कर्मचारीहरुलाई विशेष प्राथमिकता दिई गाउँ कार्यपालिकाले सोझै सामाजिक परिचालकको रुपमा परिचालन गर्न सक्नेछ।

**२१. सामाजिक परिचालक संयोजकको योग्यताः** (१) गाउँपालिकामा परिचालन गरिने सामाजिक परिचालक संयोजकको न्यूनतम योग्यता देहाय बमोजिम हुनेछः

(क) मान्यताप्राप्त विश्वविद्यालयबाट व्यवस्थापन, सोसल वर्क, विकास, समाजशास्त्र, मानविकी वा अन्य विषयमा स्नातक वा सोसरहको शैक्षिक योग्यता हासिल गरेको,

(ख) सामाजिक परिचालन, जीविकोपार्जन, सामुदायिक विकास वा यस्तै प्रकृतिका क्षेत्रमा कार्य ३ वर्ष अनुभव भएको,

(ग) कम्प्युटर तथा सूचना प्रणाली सम्बन्धी आधारभूत व्यवहारिक सीप भएको,

(घ) सामाजिक परिचालकहरूको सुपरभाइजर भई कार्य गर्न सक्ने र तोकएको ढाँचामा प्रतिवेदन तयार गर्न सक्ने।

**२२. सामाजिक परिचालक संयोजकको जिम्मेवारीः** (१) सामाजिक परिचालक संयोजकको जिम्मेवारी देहाय अनुसार हुनेछः

(क) गाउँपालिकाको आवधिक विकास योजना, अन्य योजना, रणनीति, वार्षिक कार्यक्रम तथा आयोजनाहरूमा सामाजिक परिचालन सम्बन्धी कार्यक्रमहरू समावेश गर्न सहजीकरण गर्ने,

(ख) सामाजिक परिचालनमा प्राथमिकताका क्षेत्रहरूको पहिचान गर्न सहजीकरण गर्ने,

(ग) सामाजिक परिचालन सम्बन्धी वार्षिक, चौमासिक तथा मासिक लक्ष्य सहितको कार्ययोजना निर्माण र कार्यान्वयनको नेतृत्व लिने,

(घ) सामाजिक परिचालन सम्बन्धी वार्षिक, चौमासिक तथा मासिक प्रगति प्रतिवेदन तयार गरी पेश गर्ने

(ङ) सामाजिक परिचालकहरूलाई नियमित रूपमा सुपरभाइज गर्ने र सम्पूर्ण सामाजिक परिचालन टिमको नेतृत्व गर्ने,

(च) सामाजिक परिचालकहरूलाई हरेकको कार्ययोजना तयार र कार्यान्वयनका लागि सहयोग गर्ने,



नरेन्द्र सिंह ठगुन्ना
प्रमुख प्रशासकीय अधिकृत

(छ) टोल विकास संस्था/ टोल सुधार समितिको गठन, सञ्चालन र क्षमता विकासमा सहजीकरण गर्ने,

(ज) सामाजिक परिचालकको कामको नियमित अनुगमन गर्ने र आवश्यक पृष्ठपोषण दिने,

(झ) सबै वडा तथा सामाजिक परिचालकहरूबाट सामाजिक परिचालन सम्बन्धी तथ्याङ्क र प्रगति प्रतिवेदन संकलन तथा व्यवस्थापन गर्ने,

(ञ) सामाजिक परिचालन सम्बन्धी आवश्यक प्रतिवेदन गाउँ सामाजिक परिचालन इकाइ समक्ष पेश गर्ने,

(ट) गाउँपालिकाको भौगोलिक क्षेत्रभित्र कार्यरत सरकारी तथा गैरसरकारी संघसंस्था तथा सञ्चालित परियोजना तथा कार्यक्रमहरूमा नियमित समन्वयन गर्ने,

(ठ) गाउँपालिकाले तोकेका सामाजिक परिचालनका अन्य कार्यहरू गर्ने ।

**२३. सामाजिक परिचालकको योग्यताः** (१) गाउँपालिकामा परिचालन गरिने सामाजिक परिचालकको न्यूनतम् योग्यता देहाय अनुसार हुनेछः

(क) नेपाली नागरिक,

(ख). १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको,

(ग) मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तिमा १० कक्षा वा सो सरहको शैक्षिक योग्यता हासिल गरेको,

(घ) सामाजिक परिचालन वा जीविकोपार्जन वा सरकारी करार सेवा वा यस्तै प्रकृतिका क्षेत्रमा कार्य अनुभव भएको,

(ङ) कम्प्युटर तथा सूचना प्रणाली सम्बन्धी आधारभूत ज्ञान सीप भएको,

(च) दैनिकरूपमा फिल्ड भ्रमण गरी सबै किसिमको समुदायमा सहजीकरण गर्न सक्ने।

**२४. सामाजिक परिचालकको जिम्मेवारीः** (१) सामाजिक परिचालकको जिम्मेवारी देहाय अनुसार हुनेछः

(क) आफ्नो भौगोलिक क्षेत्रका सामाजिक परिचालनका विषयवस्तुहरूको पहिचान गरी वडा सामाजिक परिचालन समिति समक्ष पेश गर्ने,

(ख) वडास्तरीय सामाजिक परिचालनका कार्यक्रमहरू तयार गरी वडा समिति मार्फत् गाउँपालिकामा पठाउने,

(ग) टोल विकास संस्था, टोल सुधार समिति, उपभोक्ता समितिको गठन र परिचालनमा सहजीकरण गर्ने,



नरेन्द्र सिंह ठगुन्ना
प्रमुख प्रशासकीय अधिकृत

(घ) गाउँपालिकाको आवधिक, विषयगत तथा वार्षिक योजना तर्जुमा र कार्यान्वयनमा सहयोग गर्ने,

(ङ) नागरिकहरूका लागि कानुनी शिक्षा कार्यक्रम सहजीकरण गर्ने,

(च) गाउँपालिकाबाट जारी भएका सार्वजनिक सूचनाहरू नागरिक समक्ष पुयाउने,

(छ) सामाजिक कुरीति तथा हानिकारक अभ्यास बिरुद्ध सचेतना जगाउने,

(ज) नागरिकहरूको स्वास्थ्य, सरसफाइ तथा शिक्षा सम्बन्धी सचेतना अभिबृद्धि अभियानमा सहजीकरण गर्ने,

(झ) नागरिकहरूको जीविकोपार्जन सुधार तथा व्यवसाय विकास अभियानमा सहजीकरण गर्ने,

(ञ) गाउँपालिकाको योजना/आयोजनाहरूको उपभोक्ता समिति गठन, तालिम र परिचालनमा सहजीकरण गर्ने,

(ट) गाउँपालिका तथा संघ र प्रदेश सरकारद्वारा प्रवाह हुने सेवाहरू नागरिकसमक्ष पुर्‍याउन सहयोग गर्ने,

(ठ) योजनाहरूको नागरिक अनुगमन र जनसहभागिता सुनिश्चतताका लागि सहजीकरण गर्ने,

(ड) टोल-बस्तीस्तरीय तथ्याङ्क संकलन, व्यवस्थापन र अद्यावधिक गर्ने,

(ढ) सामाजिक सदभाव, शान्ति र मेलमिलाप प्रवर्धनका लागि सहयोग गर्ने,

(ण) नागरिकका लागि सार्वजनिक सेवामा पहुँच तथा समान वितरणका लागि सहजीकरण गर्ने,

(त) गाउँपालिकाको सेवाहरू र सोको प्रवाहमा नागरिकको पहुँच सम्बन्धमा सहजीकरण र सहयोग गर्ने,

(थ) वित्तीय साक्षरता तथा करदाता शिक्षा सम्वन्धमा सहजीकरण गर्ने,

(द) सामुदायिक विकास तथा सामाजिक परिचालन सम्बन्धी उद्देश्य हासिलका लागि तोकिएको कार्यक्रम तथा गतिविधिहरू सञ्चालनमा सहजीकरण गर्ने,

(ध) गाउँपालिका र वडा सामाजिक परिचालन समितिले तोकेका अन्य कार्यहरू गर्ने।

**२५. कर्मचारी संख्या :** (१) गाउँपालिकामा एक जना सामाजिक परिचालक संयोजक र आठ जना सामाजिक परिचालक करार सेवामा राख्न सकिनेछ ।

**२६. सेवा सुविधा :** (१) सामाजिक परिचालक संयोजकको मासिक पारिश्रमिक प्रशासन सहायक पाँचौ तह सरह हुनेछ वा गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ।

(२) सामाजिक परिचालकको मासिक पारिश्रमिक प्रशासन सहायक चौथो तह सरह हुनेछ वा गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ।

नरेन्द्र सिंह ठगुन्ना
प्रमुख प्रशासकीय अधिकृत

(३) संयोजक र परिचालकलाई सञ्चार, इन्धन, पोशाक भत्ता, चाडपर्व खर्च र काम अनुसार दैनिक भ्रमण भत्ता उपलब्ध गराउन सकिनेछ।

(४) उपदफा (१), (२) र (३) का अतिरिक्त सामाजिक परिचालन संयोजक र सामाजिक परिचालकको पारिश्रमिक र अन्य थप सेवा सुविधा गाउँ कार्यपालिकाले समय समयमा तोके बमोजिम हुनेछ।

(५) कार्यालयले काममा बाधा नपुग्ने गरी भैपरी र पर्व विदा दिन सक्नेछ।

(६) विदा अधिकार होइन सहुलियत मात्र हो।

**२७. पदमुक्त हुने अवस्थाः** (१) देहायको अवस्थामा सामाजिक परिचालन संयोजक र सामाजिक परिचालक पदमुक्त हुनेछन्।

क) कार्यालयमा जानकारी नगराई लगातार ३० दिनसम्म सम्पर्क विहीन भएमा,

ख) फौजदारी अभियोग लागेमा,

ग) राजिनामा दिएमा,

घ) गाउँ कार्यपालिकाले पद खारेजी भएमा,

ङ) तोकिएको काम गर्न नसक्ने गरी शारीरिक वा मानसिक अपाङ्गता भएमा,

च) कार्यक्षेत्रमा मादक पदार्थ सेवन गरेको प्रमाणित भएमा,

छ) कार्यक्षमताको अभाव भएमा,

ज) सेवा करार अवधि समाप्त वा रद्द भएमा,

झ) सेवाग्राहीप्रति अमर्यादित व्यवहार गरेमा,

ञ) अनुशासन र आचरणसम्बन्धी कुरा बारम्बार उल्लङ्घन गरेमा।

## परिच्छेद - ६

## टोल विकास संस्था सम्बन्धी व्यवस्था

**२८. टोल विकास संस्था गठन तथा परिचालन गर्नुपर्नेः** (१) गाउँपालिकामा सामाजिक परिचालन क्रियाकलाप तथा गाउँपालिकाको सेवाप्रवाहलाई नागरिकमैत्री एवम् प्रभावकारी बनाउन सबै टोलमा टोल विकास संस्था गठन तथा परिचालन गर्नु पर्नेछ।

(२) टोल विकास संस्था तथा गठन तथा सञ्चालन सम्बन्धी प्रचलित कार्यविधि लागू हुनेछ।



नरेन्द्र सिंह ठगुन्ना
प्रमुख प्रशासकीय अधिकृत

(३.) गाउँपालिकाले नागरिकका लागि सेवाप्रवाह गर्दा टोल विकास संस्थासँग समन्वय र सहकार्य गर्नेछ ।

**२९. टोल विकास संस्थाको काम, कर्तव्य र जिम्मेवारीः** (१) टोल विकास संस्थाको काम कर्तव्य र जिम्मेवारी देहाय अनुसार हुनेछ।

(क) टोलका हरेक घरधुरीलाई टोल विकास संस्थामा आबद्ध गर्ने,

(ख) टोलको बैठक कम्तिमा महिनाको एक पटक बसाउने,

(ग) टोलका सम्भावना, अवसर, चुनौती र समस्याहरू बारेमा छलफल गरी समाधानका उपायहरू खोजी गर्ने,

(घ) टोलमा आधारभूत शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ सम्बन्धी अभियानहरू सञ्चालन गर्ने,

(ङ) टोलबासीहरूलाई कानुनी शिक्षा तथा सामाजिक-आर्थिक सुधारका लागि सचेतनामूलक गतिविधिहरू सञ्चालन गर्ने,

(च) टोलमा कार्यान्वयन हुने भौतिक तथा अन्य पूर्वाधार विकासका आयोजनाहरूमा उपभोक्ता समिति गठन, परिचालन तथा जनसहभागिता जुटाउन गाउँपालिकालाई सहयोग गर्ने,

(छ) टोलमा सञ्चालन भएका आयोजना/परियोजनाहरूको गुणस्तर कायम गर्न नागरिक सहभागिता र नागरिक निगरानी अभिबृद्धि गर्न सहयोग गर्ने,

(ज) टोल बस्तीमा हुने लैंगिक हिंसा, छुवाछुत तथा बहिष्करण, बोक्सी र दाइजो जस्ता कुप्रथाहरूको न्यूनीकरण र नियन्त्रणमा सहजीकरण र सहयोग गर्ने,

(झ) टोल बस्तीमा सामुहिक जीविकोपार्जन कार्यक्रमहरू सञ्चालन र बजार व्यवस्थापनमा सहजीकरण गर्ने,

(ञ) गाउँपालिकाको योजना तर्जुमा प्रक्रियामा नागरिकहरूको अर्थपूर्ण सहभागितामा सहजीकरण र सहयोग गर्ने,

(ट) गाउँपालिकाबाट जारी भएका सार्वजनिक सूचनाहरू नागरिक समक्ष पुर्‍याउन सहयोग गर्ने,

(ठ) सामाजिक परिचालक वा गाउँपालिकालाई टोल बस्तीको वास्तविक सूचना उपलब्ध गराउन सहजीकरण गर्ने,

(ड) टोल विकास संस्था गठन तथा परिचालन सम्बन्धी बनेको कार्यविधिमा उल्लेख भएका सबै कार्यहरू गर्ने।

नरेन्द्र सिंह ठगुन्ना
प्रमुख प्रशासकीय अधिकृत

(२) टोल विकास संस्थाले उपदफा (१) मा उल्लिखित कार्य गर्दा गाउँपालिका र वडा कार्यालयको समन्वय र साझेदारीमा गर्नु पर्नेछ।

(३) टोल विकास संस्थाले गाउँपालिका बाहेकका साझेदार संस्थाहरूको आर्थिक तथा प्राविधिक सहयोगमा सञ्चालन भएका सामाजिक परिचालनलाई सहयोग पुग्ने कार्यक्रमहरू सञ्चालन गर्दा गाउँपालिकाको सहमतिमा गर्नु पर्नेछ।

## परिच्छेद - ७
## विविध

३०. काममा खटाउने सक्ने (१) वडा सचिवको दरबन्दी रिक्त रहेको अवस्थामा गाउँपालिकाले सामाजिक परिचालक संयोजक र सामाजिक परिचालकलाई वडा सचिव तथा अन्य जिम्मेवारीमा खटाउन सक्नेछ।

३१. यसै कार्यविधि बमोजिम भए गरेको मानिने (१) यो कार्यविधि लागू हुनुभन्दा अघि नियुक्त भएका सामाजिक परिचालक यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

३२. बाधा अडकाउ फुकाउनेः (१) यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन आएमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा अडकाउ फुकाउनेछ ।

३२. कार्यविधि संशोधन तथा खारेज गर्न सक्नेः (१) गाउँ कार्यपालिकाले आवश्यकता अनुसार यो कार्यविधी संशोधन तथा खारेज गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम यो कार्यविधि खारेज भएको अवस्थामा यस कार्यविधि बमोजिम स्थापना तथा सञ्चालन भएका संस्थाहरूको सम्पत्ति तथा दायित्व कार्यपालिकाको नाममा हुनेछ ।

आज्ञाले,

नरेन्द्र सिंह ठगुन्ना
प्रमुख प्रशासकीय अधिकृत

नरेन्द्र सिंह ठगुन्ना
प्रमुख प्रशासकीय अधिकृत